# विश्वविद्यालय अनुदान आयोग, गुणस्तर सुनिश्चितता तथा प्रत्यायन महाशाखाको विज्ञ सूचीमा सुचीकृत हुने सम्बन्धी जरुरी सुचना

विश्वविद्यालय अनुदान आयोगबाट कार्यगत स्वायत्तता प्राप्त शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषद्ले नेपालमा स्थापित तथा संचालित विश्वविद्यालयहरु र विश्वविद्यालय अन्तर्गतका सम्पूर्ण स्कुल/केन्द्रिय विभागका साथै आङ्गिक, सामुदायिक र निजी क्याम्पसहरुको संस्थागत गुणस्तर परीक्षण गरी प्रत्यायनकृत गर्ने कार्य गर्दै आएको सन्दर्भमा उक्त प्रक्रियासंग सम्बन्धित समकक्षी परीक्षण (Peer Review) को कार्यमा सहभागी हुन परिषद्ले तोके बमोजिम निम्न योग्यता तथा अनुभव भएका इच्छुक विज्ञहरुलाई परिषद्को विज्ञ सूचीमा सूचीकृत भईदिनुहुन तथा हाल सूचिकृत विज्ञहरुले आफ्नो व्यक्तिगत विवरण अद्यावधिक गर्नुहुन अनुरोध सहित आफ्नो योग्यता, अनुभव र विषयगत विज्ञताको क्षेत्रबारे जानकारी हुनेगरी छोटो वैयक्तिक विवरण महाशाखाले तयार पारेको अनलाईन Google Form (https://docs.google.com/forms/d/e/1FAIpQLSe-dlk8oghzu_DhzbqqeipyyuJH-M5yETuM4T2L1P29vdJjXg/viewform?usp=pp_url) भरिदिनु हुन वा सोही अनुरुपको विवरण qaad@ugcnepal.edu.np मा इमेल गरी पठाउनहुन अनुरोध गरिन्छ ।

आवश्यक न्युनतम योग्यता तथा अनुभव

- विश्वविद्यालयको प्राध्यापक (महिला सदस्यको हकमा विधावारिधी सहित सह-प्राध्यापक पदमा कम्तिमा पाँच वर्षको कार्यानुभव भएको र स्वास्थ्य विज्ञान (Medical Sciences -clinical) को हकमा DM/Mch or fellowship after Master Degree in clinical science सहित विश्वविद्यालयको सह-प्राध्यापक पदमा कम्तीमा पाँच वर्ष काम गरिसकेको),
- अन्तराष्ट्रिय सूचीकृत जर्नलमा पछिल्लो ५ वर्षमा कम्तिमा दुई वटा लेखहरु (Articles) प्रकाशन भएको,
- शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषद्ले निर्धारण गरेको आचार संहिता (Code of Conduct) प्रति प्रतिबद्धता व्यक्त गरेको ।

**थप जानकारीका लागि**
**विश्वविद्यालय अनुदान आयोग, गुणस्तर सुनिश्चितता तथा प्रत्यायन महाशाखा, सानोठिमी, भक्तपुर, नेपाल**
**इमेल : qaad@ugcnepal.edu.np, पोस्ट बक्स नम्बर: १०७९६ (काठमाडौं, नेपाल)**
**फोन : ०१-६६३८५४८/४९/५०/५१, फ्याक्स : ०१-६६३८५५२**